हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : १८३ पृष्ठ : ४ २०७७ माघ २१ गते बुधबार (Wednesday 03 February 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६

जे.डी.

स्टेशनरी एण्ड स्पोर्टस् सेन्टर

लहान-६



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

# न्यायिक प्रक्रियामा दलित समुदायको पहुँच अभिवृद्धिका लागि सार्वजनिक सुनुवाइ





**लहान ।** नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ सिरहा शाखाले न्यायिक प्रक्रियामा दलित समुदायको पहुँच अभिवृद्धिका मंगलबार सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरेको छ ।

लहानस्थित मारवाडी सेवा सदनको हलमा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा न्यायका लागि पहल गर्ने सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा दलित समुदायमाथि हुने हिंसा र विभेदका प्रकारहरू, न्याय प्रक्रियामा देखिएको समस्या तथा जटिलताहरू, दलित समुदायको न्यायमा पहुँच बढाउनको लागि सरकारको भूमिका, दलित आन्दोलनको भूमिका र नागरिक समाजको भूमिका बारेमा सहभागी सरोकारवालाहरूसँग सवाल

बाँकी ३ पेजमा

# बिहीबारदेखि वर्षा र हिमपातको सम्भावना

## त्यसपछि गर्मी सुरु हुने

**आ**गामी बिहीबारदेखि शनिबारसम्म देशभर मौसम बदली भई देशको अधिकांश स्थानमा वर्षा हुने भएको छ । बिहीबारदेखि पश्चिमी वायु सक्रिय हुने भएकाले देशको अधिकांश स्थानमा हल्का वर्षाका साथै उच्च पहाडी तथा हिमाली भूभागमा हिमपातको सम्भावना रहेको मौसमविद् शान्ति कँडेलले बताइन् ।

मौसमविद्का अनुसार यो प्रणाली बाहिरिएपछि तापक्रम

बाँकी ४ पेजमा

सूचना ! सूचना !! सूचना !!!

मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा

MASSEY FERGUSON

रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट।



यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।

गिफ्ट किसिम :-
- a) Led TV-24"
- b) Fridge - 170 Ltr.
- c) Leveller



हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क स्थान :- रत्ना ओटो पडरिया-१, लहान सिरहा

फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८

श्री सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि.

लहान न.पा.-३, सिरहा

## कर्मचारी आवश्यकता

यस श्री सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि. केन्द्रीय कार्यालय लहान-३, सिरहालाई तपसिल बमोजिमका कर्मचारी आवश्यक भएको हुँदा योग्य सक्षम दक्ष अनुभवी व्यक्तिहरुले नागरिकता प्रमाण-पत्रको फोटोकपी सहित आ-आफ्नो योग्यताको प्रमाण-पत्र, बायोडाटा, पासपोर्ट साईजको फोटो २ प्रति सहित लिखित निवेदन मिति २०७७।११।०५ गते भित्र संस्थाको कार्यालय लहान-३ मा दरखास्त फर्म भर्न आव्हान गरिएको छ ।

तपसील

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १. | कार्यालय सहायक (चौंथो तह) | १ | (क) १२ कक्षा उत्तीर्ण वाणिज्य संकायमा ।<br>(ख) कम्प्यूटर सम्बन्धी ३ महिनाको तालिम प्राप्त गरेको ।<br>(ग) १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । |
| २. | बजार प्रतिनिधि (तेस्रो तह) | केही | (क) SEE उत्तीर्ण भएको ।<br>(ख) १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । |

नोटः- स्थानीयलाई विशेष ग्राहयता दिनेछ ।
छनौट प्रकृया सम्पर्क मितिमा जानकारी गराईनेछ ।
सम्पर्क मिति : २०७७।११।०६ गते विहीबार ।

कर्मचारी भर्ना उप-समिति संयोजक

सम्पर्क नं. ९८४२८४०१३७, ९८०१५३२२२९, ९८०७७४३२८३

छिटो भनेकै WORLDLINK

SPEEDमा BOOST नगदमा छुट

3C 25 Mbps Rs. 1,250 6C Rs. 2,700 Rs. 2,200

Enjoy 100+ HD Channels & 150+ SD Channels FREE with WorldLink

Lahan office: 033-561429, 033-561430 I Mirchaiya: 033550505, I Golbazar: 9801186055, I Kalyanpur: 031-540229

## बगैंचा सहितको जग्गा बिक्रीमा

लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।

सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०




## फ्रेन्डस मोडेल हस्पिटल, लहान-४

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

**प्रदेश २ सरकारको आवधिक योजना**

# आर्थिक वृद्धिदर ११ प्रतिशत, प्रतिव्यक्ति आय एक हजार डलर




जनकपुरधाम । प्रदेश २ सरकारले पहिलो आवधिक योजना अन्तर्गत प्रदेशको आर्थिक वृद्धिदर ११ प्रतिशतमा पुऱ्याउने लक्ष्य लिएको छ । मंगलबार प्रदेशको पहिलो आवधिक योजना सम्बन्धी पुस्तक सार्वजनिक गर्दै पाँच वर्षभित्र ६.५३ बाट आर्थिक वृद्धिदर ११ प्रतिशतमा पुऱ्याउने लक्ष्य लिइएको निती तथा योजना आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झाले जानकारी दिए । आर्थिक वर्ष २०७६ र ०७७ देखि लागू हुने आवधिक योजनामा आर्थिक वृद्धितर्फ मूख्य रूपमा कृषि, उद्योग र अन्य सेवालाई प्राथमिकतामा राखिएको छ । आधार वर्षको वृद्धिदरमा योजना अवधिको प्रत्येक वर्ष ०.५ प्रतिशतको दरले योजनाको अन्तसम्म वृद्धिदर ११ प्रतिशतमा पुऱ्याउने लक्ष्य प्रदेश सरकारको छ ।

पहिलो आवमा ७ प्रतिशत, दोस्रोमा ८ प्रतिशत, तेस्रोमा ९ प्रतिशत, चौथोमा १० र पाँचौ आवसम्म ११ प्रतिशत आर्थिक वृद्धिदर पुऱ्याउने लक्ष्य लिइएको डा. झाले जानकारी दिए । कृषितर्फ ६.१ प्रतिशत, उद्योगमा १२.९ प्रतिशत र अन्य सेवा तर्फ १०.२ प्रतिशत औसत आर्थिक वृद्धि गर्ने गरी योजनामा काम गर्ने लक्ष्य लिइएको छ ।

त्यस्तै आवधिक योजना अन्तर्गत प्रदेशको समग्र गरिबी दरलाई २७.७ बाट २१ प्रतिशत, कुल गार्हस्थ्य उत्पादन ४८८ अर्बबाट ६०० अर्बसम्म, गैह्रकृषि क्रियाकलाप योगदान ५८ बाट ६५ प्रतिशत र प्रतिव्यक्ति आय ७९९ बाट एक हजार अमेरिकी डलरसम्म पुऱ्याउने लक्ष्य प्रदेश सरकारले लिएको छ ।

आयमा असमानता सूचकांक २९.५ बाट २७.२ प्रतिशतमा झार्ने लक्ष्यसहित खानेपानी सुविधा पुगेका ८९ प्रतिशत घरपरिवार रहेकोमा शतप्रतिशत जनताको घरमा पुऱ्याउने र साक्षररता दर ४९.५ बाट ९७ प्रतिशतमा पुऱ्याउने लक्ष्य लिइएको डा. झाले बताए ।

प्रदेश सरकारले आवधिक योजना अन्तर्गत शिक्षा, स्वास्थ्य, सडक, रेलमार्ग र सिचाईतर्फ प्राथमिकताका आधारमा काम गर्ने सो आवधिक योजनामा भनिएको छ । आवधिक योजना अनुसार हाल ६५ प्रतिशत रहेका शौचालय व्यवस्थालाई शतप्रतिशतमा पुऱ्याउने, सिचाईतर्फ ४३.२ बाट ७५.५ प्रतिशतसम्म, सडक निर्माणतर्फ हाल ३१७० किलोमीटर रहेकामा ३५ सयसम्म र रेलमार्ग ३५ किलोमीटरबाट ६९ किलोमीटरसम्म पुऱ्याउने लक्ष्य लिइएको हो ।

आवधिक योजनालाई सफल बनाउन ४ खर्ब ३७ अर्ब ७५ करोड पुँजीगत खर्चको अनुमान गरिएको छ । अनुमानित पुँजीगत खर्चमा तीन तहको सरकारबाट सहयोग हुने अपेक्षा गरिएको छ । आवधिक योजना अन्तर्गत स्थानीय तहबाट ३० प्रतिशत, संघीय सरकारबाट ४० र प्रदेश सरकारबाट ३० गरी तीनै तहको सरकारबाट पाँच वर्षको अवधिमा अनुमानित लगानी गरिने लक्ष्य अघि सारिएको छ ।

आवधिक योजना अन्तर्गत नै प्रत्येक वर्ष गरीबी न्यूनीकरण गर्ने उद्देश्यले दिगो विकासका लागि विकास निर्माणसहित अन्य विकासका योजनाहरु छनौट गरिने र आर्थिक वर्षको बजेट निर्धारण गरिने उपाध्यक्ष डा. झाले जानकारी दिए ।

# मर्ला त नेपालको लोकतन्त्र ?

**गोविन्द अधिकारी**



'फासीवाद, कम्युनिज्म वा सैनिक शासनजस्ता कठोर अधिनायकवाद संसारका धेरै भागबाट लोप भइसकेको छ । सैनिक विद्रोह वा अन्य हिंसात्मक तरिकाले सत्ता खोस्ने घटना बिरलै हुन्छन् । अधिकांश मुलुकहरुमा नियमित निर्वाचन गरिन्छ । लोकतन्त्र त तैपनि हरण भइरहेका हुन्छन् तर अरु नै तरिकाबाट । शीतयुद्धको अन्त्यपछि प्रायः लोकतन्त्रको हरण जर्नेल वा सैनिकका कारणबाट हैन निर्वाचित सरकारहरूबाटै हुनेगरेको छ । भेनेजुएलामा चावेजलेजस्तै जर्जिया, हंगेरी, निकारागुवा, पेरू, फिलिपिन्स, पोल्यान्ड, रुस, श्रीलंका, टर्की र युक्रेनमा निर्वाचित नेताहरूले नै लोकतान्त्रिक संस्थाहरूलाई ध्वस्त पारेका थिए । लोकतन्त्रको हत्या त अहिले मतपेटिकाबाटै सुरु हुन्छ ।'

पाठकमध्ये धेरैलाई यी पंक्ति पहिल्यै पढिसकेजस्तो लाग्यो होला । 'हाउ डेमोक्रिज डाइ' शीर्षकको सन् २०१८ मा प्रकाशित पुस्तकमा लेखिएका पंक्तिको नेपाली अनुवाद हो । नेपालमा अहिले जे भइरहेको छ त्यसलाई मिल्ने उदाहरण यस पुस्तकमा बग्रेल्ती पाइन्छ । सन् २०१६ मा डोनाल्ड ट्रम्पले राष्ट्रपतिको चुनाव जितेपछि अमेरिकाकै लोकतन्त्र संकटमा परेको थियो । नत्र त, 'इतिहासको अन्त्य' भएको घोषणा गरिसकेकै त थिए फुकुयामाले । संसारका धेरैले पत्याएका पनि थिए । तर, लोकतन्त्रमाथि खतरा त टरेकै रहेनछ । बरु, नयाँ नयाँ संकट थपिँदो छ लोकतन्त्रमाथि ।

**कसरी मर्छ लोकतन्त्र ?**

स्टेवेन लेविट्स्की तथा डेनियल जिब्लाट 'हाउ डेमोक्रिज डाइ'मा लेख्छन् - 'लोकतन्त्रको अवसानमा चुनावको बाटो एकदमै मायावी हुन्छ । पिनोचेको चिलीमा जस्तो परम्परागत सैनिक विद्रोहमा लोकतन्त्रको मृत्यु उत्तिखेरै हुन्छ र सबैले देख्छन् पनि । राष्ट्रपति भवनमा आगो लाग्छ । राष्ट्रपति मारिन्छन् वा कैदमा वा निर्वासनमा धपाइन्छन् । संविधान निलम्वन वा खारेज हुन्छ । चुनावी बाटामा भने यस्तो केही हुँदैन । सडकमा ट्यांक गुडेको हुँदैन । संविधान र अरु नाममात्रमा लोकतान्त्रिक संस्थाहरु यथावतै रहन्छन् । जनताले मतदान पनि गर्छन् । निर्वाचित तानाशाहहरूले लोकतन्त्रको आत्मा मार्छन् तर आवरण कायमै राख्छन् ।'

**कम्युनिस्टको नियोजित रणनीति**

नेपालमा वि.सं २०७४ मा भएको निर्वाचनमा लोकतन्त्रमा विश्वास नभएको दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले संसदमा करिब दुई तिहाइ बहुमत ल्याएपछि नियोजितरुपमै लोकतान्त्रिक पद्धति र संस्थाहरूमाथि प्रहार सुरु भएको थियो । तर, नयाँ नेपाल र समृद्धिको सपनामा रमाएका नेपालका बुद्धिजीवी र राजनीतिक दलका नेताले त्यसमा खासै ध्यान दिएनन् । प्रधानमन्त्री केपी ओलीले नेकपाका अरु नेतासँग खुरुक्क सत्ताको भागबन्डा गर्न तयार भएका भए पक्कै पनि लोकतन्त्रको हत्याले उनीहरूको टाउको दुख्ने थिएन भन्ने त नेकपा सरकारको अढाइ वर्षले पुष्टि गरेको छ ।

प्रधानमन्त्री हुनेबित्तिकै ओलीले शक्ति एकत्रित गर्न थालेका हुन् । अपेक्षाकृत स्वतन्त्र रहनुपर्ने सरकारका विभागहरु उनले आफ्नो मातहतमा ल्याए । गृह मन्त्रालय र अर्थ मन्त्रालय मातहतका राष्ट्रिय अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण विभागलगायत ओलीको प्रत्यक्ष नियन्त्रण राखिए । प्रधानमन्त्री ओलीले एकतन्त्री महत्त्वाकांक्षा देखाएर लोकतन्त्रको मर्ममा प्रहार गर्न थालेका बेला त नेकपाका कुनै नेताको टाउको दुखेको थिएन ।

ओलीको ठाउँमा माधव नेपाल, झलनाथ खनाल वा पुष्पकमल दाहालमध्ये कोही प्रधानमन्त्री भएको भए पनि लोकतन्त्रको मर्म र लोकतान्त्रिक संस्थाहरूमा हुने प्रहारमा केही अन्तर हुने थियो होला र अभिव्यक्ति स्वतन्त्रतालगायत जनअधिकार कुण्ठित हुनेगरी प्रस्ताव गरिएका कानुनमा नेकपाका कुनै नेताले मतभेद देखाएका थिए ? कोभिड-१९ बाट जनता आक्रान्त हुँदा अहिले सत्तामा भएका र असन्तुष्टमध्ये नेकपाका कुनै नेता कहिल्यै बोलेनन् । अर्थात्, लोकतन्त्रका पक्षमा वा जनताका हितमा नेकपाका नेताहरूको चासो त देखिएन । यस्तै विकासका नाममा 'भ्यु टावर' भित्र्याउने ओली छाप विकारमा यिनले कहिल्यै विमति जनाएका छैनन् । यसैले नेकपाका दुवै चिरामा तात्विक अन्तर छैन ।

**लोकतान्त्रिक संस्थामा प्रहार**

लोकतान्त्रिक संस्थाहरु त छन् तर साख सबैको गिरेको छ । निर्वाचन आयोगमा प्रमुख आयुक्तको नियुक्ति नाटकीयरूपमा भयो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तको नियुक्ति पनि त्यसरी नै गरिएको थियो । सर्वोच्च अदालतका प्रधान न्यायाधीशको संसदीय सुनुवाइ होस् वा मुख्य सचिवको नियुक्तिमा निजामती सेवाका मर्म मिचेर गरिएको चलखेल सबैले देशका महत्वपूर्ण संस्थाहरूको साख गिराए । चुनाव घोषणा गरिएको छ सरकार भने धमाधम राज्यको ढुकुटी दोहन गर्दैछ । निर्वाचन आयोग फड्के किनाराको साक्षी बसेजस्तो देखिएको छ । यसरी यस्ता संस्था कमजोर बनाएपछि लोकतन्त्र बलियो कसरी हुन्थ्यो र ?

**सञ्चार माध्यम र नागरिक समाज**

सञ्चार माध्यमले माओवादीको हिसालाई अनुचित स्थान दिँदा समाजमा परेको असरको अहिलेसम्म समीक्षा भएको छैन । अहिले पनि चर्का कुरा गरे भन्दैमा खलनायकहरूमा नायकत्व आरोप गर्न तँछाडमछाड भइरहेको छ । हिजोसम्म ओलीका लोकतन्त्र विरोधी यावत् कार्यका मतियारहरु अहिले एकाएक सर्काउनु लोकतन्त्रका निम्ति पक्कै हितकर हुनेछैन ।

नागरिक समाजका नाममा आन्दोलनमा उत्रेर वज्र बनाउन हाड दिने दधिचीहरूले पनि ख्याल राख्नुपर्छ कतै वज्र दानवका हातमा नपरोस् । नेकपाको ओली समूहले त जानजान संविधान मिचेर लोकतन्त्रको हरण गरेकै छ । विरोधमा सडकमा उत्रेकाहरूले पनि उनीहरूको आन्दोलन 'समाजवाद'का लागि भनेका छन् । भनिरहनु नपर्ला कम्युनिस्टहरूले भन्ने गरेको समाजवादमा लोकतन्त्रको स्थान र महत्त्व के हुन्छ रू यसैले नागरिक समाजका नाममा सडकमा उत्रेका लोकतन्त्रवादीले आफू कतै लोकतन्त्र विरोधी मायावीहरूको गोटी बनिएको त छैन भनेर आत्मसमीक्षा गर्नु उचित हुन्छ ।

**कांग्रेसको उछित्तो किन ?**

नागरिक समाजका नाममा अहिले नेपाली कांग्रेस र त्यसमा पनि सभापति शेरबहादुर देउवाको उछित्तो काढ्ने गरिएको छ । उनी सडक आन्दोलनमा सत्तारूढ दलको एउटा चिरासँग सँगै हिँडेनन् भनेर ओलीका मतियार र प्रतिगमनका पक्षधरका रूपमा चित्रित गर्न खोजिएको छ । अहिले संविधान बचाउनु पक्कै पनि सबैभन्दा मुख्य काम हो । नेपाली कांग्रेस संविधानको रक्षाप्रति स्पष्ट नै देखिएको छ । त्यसमा पनि शंका गर्ने हो भने त अर्कै कुरा भयो ! कांग्रेसका सबै संगठन आन्दोलनमा लागेकै छन् । पार्टीमात्र हैन अब त गुटगत विरोध कार्यक्रम पनि सुरु भएको छ क्या रे !

अचम्म छ, प्रायः गलत रणनीति अपनाएर पार्टीलाई अक्करतिर धकेल्दा भन्दा देउवाको यसपटक पार्टी र लोकतन्त्र बचाउन खोज्दा झन् बढी आलोचना भएको छ पार्टीभित्र र बाहिर । अहिलेसम्म कांग्रेसमा ओत लागेर कांग्रेसकै जरा खोतल्ने गर्दै आएका कम्युनिस्टहरु यसपटक त्यो मौका नपाएकोमा छटपटिनु स्वाभाविकै हो । तिनका हितैषी केही व्यक्ति र शक्ति नियोजितरूपमै कांग्रेसलाई बदनाम गर्ने र सके विभाजन गराउने रणनीतिमा लागेको सञ्चार माध्यम र सामाजिक सञ्जाल राम्ररी हेर्दा स्पष्ट देखिन्छ । विडम्बना, लोकतन्त्रका हितैषी रहँदै आएकाहरुले पनि तिनै

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज लामो समयदेखि रोकिएका अधुरा कार्यहरु पुरा हुनेछन् । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । गरेको कार्यबाट सफलता मिल्नेछ ।

**वृष** :- आज आकस्मिक धनलाभ हुनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । दाईभाई वा मित्रबाट विशेष सहयोग पनि मिल्न सक्छ ।

**मिथुन**:- एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ । आत्मिक सन्तुष्टि र मन प्रसन्न पनि रहला ।

**कर्कट** :- नयाँ नयाँ कार्यको अवसर मिल्नेछ । धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । अनावस्यक खर्चबाट बच्न सकिन्छ ।

**सिंह**:- ठुला व्यक्तिले तपाईँका मेहनतको प्रसङ्ग गर्नेछन् । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन्, तर विद्या र बुद्धिमा ह्रास आउन सक्छ ।

**कन्या** :- मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । वैदेशिक क्षेत्रबाट राम्रो हुने र व्यापार र व्यवसाय फस्टाउनेछ । पारिवारिक सद्भाव पनि बढ्नेछ ।

**तुला** :- आज वचन दिँदा विचार गरेर बोल्नु पर्नेछ । गरेको काममा ढिलासुस्ती हुनेछ । चोटपकको भय पनि रहला, तर साँझमा कार्य सम्पादन हुनसक्छ ।

**वृश्चिक** :- आज सरूवा र बडुवाको योग छ । नयाँ ज्ञान सिक्ने मौका मिल्नुका साथै नयाँ कार्यको योजना बन्नेछ । रोकिएको धन हातलागी हुनसक्छ ।

**धनु** :- आज भाग्यमा वृद्धि हुनेछ । सन्तान सुखको योग छ । नयाँ र शुभ समाचार सुन्न पाइनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन पनि सकिनेछ ।

**मकर**:- आज अकस्मात् सफलता पाईन सक्छ, तर अपमानको सम्भावना पनि रहनेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ । शैक्षिक क्षेत्र पनि राम्रै रहला ।

**कुम्भ**:- आज झुटा आरोप आईपर्दा समस्या खेप्नुपर्नेछ । अनावश्यक धन खर्च हुँदा मानसिक चिन्ता वढ्नेछ । शत्रुपक्ष हावी हुन सक्नेछन् ।

**मिन** :- आज कतै घुम्न जाने योजना बन्न सक्छ । प्राविधिक काममा सफलता मिल्नेछ । जीवनसाथीको सल्लाहमा गरिएको कार्यबाट अधिक सफलता मिल्नेछ ।

# डिएसपीमा बढुवा भएका रामकुमार यादव भन्छन् :

## *जागिरका लागि पहुँच चाँहिदैन, मेहनेत र जुनून हुनुपर्छ*

**बिनय यादव**



हरेक व्यक्ति सफल बन्न चाहन्छन् । तर, धेरै असफल बन्छन् । संसारमा दु:खको कारण पनि यही हो । सफलताको सम्बन्ध लक्ष्य, संघर्ष, प्राप्ति एवं सन्तुष्टिसँग हुन्छ । पाइलट बन्ने लक्ष्य होस् वा इन्जिनियर, जस्तोसुकै लक्ष्यको पछाडि खुसी, सुखी र सम्मानजनक जीवन हुन्छ । र, यस्तै आदर्श जीवनको खोजमा देश–विदेश कता–कता धाउँदाधाउँदै जीवनरथ कहाँ पुगेर अडिन्छ, कहाँ पुगेर ठोकिन्छ र जीवनफूल झर्छ, पत्तो हुँदैन ।

यस्तो अनिश्चित जिन्दगी लिएर अन्त्यहीन सफलता खोज्नु मूर्खता सिवाय केही होइन । यसको अभिप्राय क्षणभंगुर जीवनमा सफलता सम्भव छैन, भन्ने होइन । सफलताको एक विन्दु, जहाँसम्म पुग्नुछ, त्यो निश्चित हुनुपर्छ । संसारमा कोही पनि सफल नभइ दिएको भए संसार आज यस्तो सजिलो, आधुनिक, विकसित र एक घरजस्तै बन्ने थिएन ।

आकाशमा उड्नु, धर्तीमा गुड्नु कल्पनामा पनि आउँथे कि आउँथेनन् । जुन आज सामान्य दैनिकी भइसकेका छन् । अतयव सफलता सम्भव छ । यसका लागि असफलताका कारणहरु, सफलताका रहस्यहरु र सुत्रहरु बुझ्नु र मनन् गर्नु जरूरी हुन्छ । यहीँ सफलताका सेरोफेरोमा केन्द्रित रहेर प्रहरी निरीक्षक (इन्सपेक्टर) बाट प्रहरी नायव उपरीक्षक (डिएसपी) मा बढुवा भएका रामकुमार यादवसँग गृहजिल्ला सिरहाको मिर्चैयामा आयोजित बधाई तथा सम्मान कार्यक्रममा *बिनय यादव*ले गरेको कुराकानीको छोटो सम्पादित अंश:

***इन्सप्`क्टरबाट डिएसपीमा बढुवा हुनुभयो, कस्तो महसुस गर्दै हुनुहुन्छ ?***

यो प्रक्रियागत हो । तर, यसका लागि लामो मेहनेत अवश्य गरेँ । दिनरात नभनी सेवामा खटेको छु । जिम्मेवारपूर्वक काम गरेको छु । इन्सपेक्टरबाट डिएसपीमा बढुवा हुँदा खुसीसँगै हौसला पनि बढेको छ । अझ पृथक र प्रभावकारी ढंगले काम गर्ने जिम्मेवारी बढेको महसुस गर्दैछु ।

***सरकारी सेवामा प्रवेश भएको कति भयो, कसरी प्रवेश गर्नुभयो ?***

जो कोहिमा सफल मानव बन्ने सोंच हुन्छ । तर, सफलता त्यतिकै आउँदैन । अनिदो संघर्ष र मेहनेत चाहिन्छ । मैले पनि धेरै नै मेहनेत र संघर्ष गरेँ । अन्ततः प्रहरी निरीक्षकको लागि पास भएँ । यो सेवामा मेरो प्रवेशको ११ वर्ष भयो ।

***सरकारी जागिर त्यति सहज छैन भनिन्छ, पहुँच नभएकालाई हुँदैन भन्ने मान्यता छ, मधेशीलाई झन गाह्रो छ भनिन्छ, मान्छे हिच्किचाउँछन्, पढेलेखेर पनि विदेशिन्छन्, के भन्नुहुन्छ ?***

हेर्नुस्, यो संसारमा सहज केहि छैन । तर, गरे असम्भव केहि पनि छैन । वास्तवमा हाम्रो समाजमा सरकारी जागिरका लागि पावर पहुँच चाहिन्छ भन्ने मान्यता छ । तर, वास्तविकता यो होइन । कतिपय मान्छे मेहनेत नै गर्न डराउँछन् । जुनून र लक्ष्यप्रति दृढ हुँदैनन् । सरकारी जागिरबारे गलत मानसिकता बसिसकेका कारण कतिपय मान्छे यतातिर ध्यान नै दिँदैनन् । सरकारी सेवामा प्रवेश होस्, वा ठूला हाकिम बन्नका लागि पावर वा पहुँचले मायने राख्दैन, सक्षमताले मायने राख्छ । मेहनेत र संघर्ष गर्नेहरू गुन्द्रुक र ढिडो खाएर सरकारी सेवामा इतिहास रचेको उदाहरण छ । मेहनेत र संघर्ष गर्दा यहाँ केहि पनि असम्भव छैन भन्ने सबैले बुझ्न जरूरी छ ।

## न्यायिक..

जवाफ गरिएको थियो । नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ सिरहा शाखाका अध्यक्ष मोहन पासवानको अध्यक्षतामा भएको कार्यक्रममा सञ्चारकर्मी भरत जर्घामगरले सहजीकरण गरेका थिए भने साझा आवाज परियोजना संयोजक जयराम विश्वकर्माले दलित समुदायको न्याय प्रक्रियामा पहुँचको अवस्थाका बारेमा कार्यक्षेत्र विश्लेषण प्रस्तुत गरेका थिए ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागीहरूले संविधानको प्रस्तावनाले 'एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य, समानुपातिक समावेशी शासन व्यवस्था र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य'को परिकल्पना गरेको स्मरण गराउँदै जातीय भेदभाव तथा छुवाछूतका कारण समाजमा हिंसाजन्य अपराधहरु धेरै हुने गरेका बारेमा औल्याएका थिए ।

सहभागीहरूले बलत्कार, मानव बेचविखन, बोक्सिको आरोप, घरेलु हिंसा, गैरकानुनी धन्दामा लगाउने जस्ता मानवता विरोधी अपराधहरु हाम्रो समाजमा दिनहुँजसो समाचारका रूपमा आउने गरेको र यस्ता घटनाहरु हुन नदिनका लागि ऐन, कानुनहरु बनेको, कानुनलाई व्यवहारमा ल्याउन आयोग, समिति र अन्य संरचनाहरु निर्माण भएपनि ऐन र कानुनमा भएको व्यवस्थाका बारेमा जानकारी नहुनु साथै ऐन कानुनका कुरा व्यवहारमा आउँन नसक्दा सामाजिक अपराधका घटनाहरु घटिरहेको प्रति दु:खेसो पोखे ।

उनीहरूले दलित समुदाय माथि हुने हिसां र विभेदहरू दैनिक जीवनमा हुने सामाजिक–सांस्कृतिक भेदभाव, अन्तरजातीय विवाह (हत्या, कुटपपिट, धम्की, बिस्थापन, आदि), बलत्कार र हत्या, मानसिक हिंसा वा यातना, अपमानजनक व्यवहार नरोकिएको औल्याए । सार्वजनिक सुनुवाइ कार्यक्रममा मानव अधिकार पैरवी सञ्जालका संयोजक सत्य नारायण ठाकुरले छुवाछूतका घटनाहरूमा

बाँकी ४ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३–५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# बीपीको आत्मवृतान्त जापानी भाषामा प्रकाशन हुने

बीपी विचार राष्ट्रिय समाज, जापानले बीपी कोइरालाको आत्मावृतान्तलाई जापानी भाषामा अनुवाद गरी प्रकाशन गर्ने भएको छ ।

बीपी विचार राष्ट्रिय समाज, नेपाल 'आत्मवृतान्त प्रकाशन समन्वय समिति'ले विज्ञप्ति जारी गर्दै बीपीको आत्मवृतान्त जापानमा प्रकाशन गर्न अनुमति दिइएको जानकारी गराएको हो ।

आत्मवृतान्तको कपिराइट रहेको संस्था जगदम्बा प्रकाशन, पाटनढोका ललितपुरले आत्मावृतान्तलाई जापानी भाषामा अनुवाद गरेर



जापानमा प्रकाशित गर्न र बिक्री, वितरण गर्न स्वीकृति दिइसकको छ ।

बीपीको आत्मवृतान्त नेपालमा लोकप्रिय र सर्वाधिक पढिएको कृति हो ।

## न्यायिक..

न्यायकालागी पहल गर्ने सरोकारवाला निकायहरू प्रहरी, स्थानीय निकाय गाउँपालिका, नगरपालिका, राष्ट्रिय दलित आयोग, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग (दलित महिलाको सवालमा), स्थानीयदेखि केन्द्रसम्ममा राजनीतिक दलका दलित भातृसंगठनहरू, दलित नागरिक समाज ,पत्रकार तथा सञ्चार क्षेत्रले थप भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता रहेको बताए ।

दलित समुदायमा रहेको संवैधानिक र कानुनी ज्ञानको अभाव हुनु, न्यायिक प्रक्रियाबाट न्याय पाइन्छ भन्ने आत्मविश्वास गर्ने वातावरण नहुनु, जातीय विभेदजस्तो अपराधिक घटनालाई सामान्यीकरण गरी मिलापत्रमा टुङ्ग्याइनु, राजनीतिक दलको कतिपय घटना पार्टीकै नेता/कार्यकर्ताको संलग्नता वा पीडककै संरक्षकको भूमिकामा राजनीतिक नेतृत्व), प्रहरी प्रशासनले जाहेरी दर्ता लिन नमान्नु लगायत जटिलताका कारण न्यायिक प्रक्रियामा दलित समुदायको पहुँच पुग्न नसकेको सहभागीहरूले बताए ।

कार्यक्रममा सखुवानन्कारकट्टी गाउँपालिकाका उपप्रमुख अमलादेवी यादवले दलित समुदायको न्यायमा पहुँच वढाउनका लागी गाउँपालिकाले दलितमाथि हुने विभेद र हिंसाविरूद्धको संवैधानिक र कानुनी व्यवस्थाको दृढतापूर्वक कार्यान्वयन गर्न थालेको, दलितमाथि हुने भेदभाव अन्त्यको लागि रणनीतिक योजना तय गरी कार्यान्वयन गर्ने बताईन । कार्यक्रममा नेपाल पत्रकार महासंघ सिरहा शाखाका अध्यक्ष दिनेश्वर प्रसाद गुप्ताले कानुन कार्यान्वयन गर्ने निकायलाई जिम्मेवार र जवाफदेही बनाउन, दलितमाथि हुने विभेद हेर्नका लागि कानुन कार्यान्वयन गर्ने निकायमा छुट्टै युनिटको व्यवस्था गर्ने र द्रूत न्याय प्रदान गर्ने नीतिगत, संरचनागत र व्यवहारिक पद्धतिको निर्माण गर्ने, दलितमाथिको विभेदमा मौनता अपराध हो, यस्तो मौनता तोड्न जातीय विभेद अन्त्यका लागि बृहत सांस्कृतिक जागरण अभियान सञ्चालन गर्न जरूरी रहेको बताउँदै सञ्चारजगत राज्यलाई जिम्मेवार र जवाफदेही बनाउन सक्रियतापूर्वक लागिपर्ने बताए ।

## विहीबारदेखि...

वृद्धि भई गर्मी सुरू हुनेछ । हाल देशका पहाडी भूभागमा आशिंक बदली रही बाँकी भूभागमा मौसम सामान्यतया सफा रहेको छ ।

दिउँसो पहाडी भूभागमा आंशिक बदली रही प्रदेश नं. १, सुदूरपश्चिम र गण्डकी प्रदेशको उच्च पहाडी तथा हिमाली भूभागका एक वा दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार मंगलबार काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम दुई दशमलव सात डिग्री र अधिकतम तापक्रम १८ दशमलव आठ डिग्री सेल्सियस रहेको छ । त्यस्तै मंगलबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस चार दशमलव पाँच डिग्री र सबैभन्दा धेरै वीरेन्द्रनगरको न्यूनतम तापक्रम आठ दशमलव दुई डिग्री सेल्सियस रहेको छ । **रासस**

## मर्ला त...

कम्युनिस्टको स्वरमा स्वर मिलाउनुको रहस्य भने बुझिसक्नु छैन । ओलीलाई निरंकुश हुन सघाउने दाहालको आलोचना नगर्ने तर देउवालाई तारो बनाउनेहरूको नियतमा शंका त हुन्छ नै रू देउवा नमानेका तर अरूको जोडले लाग्नुपरेको साबित गर्न धेरैले शीर्षासन गरेको देखिएको छ । आफू शीर्षासन गरेर अरूलाई उल्टो उभिएको भन्न मिल्ला र ?

**आन्दोलनको नेतृत्व**

संविधान, राष्ट्रियता र लोकतन्त्रको रक्षाका लागि कांग्रेसले नै आन्दोलनको नेतृत्व लिने हो । संविधानको पुनर्लेखन अहिले कांग्रेसको कार्यसूची हुनसक्तैन । कांग्रेसलाई अगाडि सारेर संविधान सिध्याउन खोजिएको पनि त हुनसक्छ । संसद्को दुई तिहाइ बहुमतबाट संविधान संशोधन गर्नुपर्छ पुनर्लेखन होइन । कम्युनिस्टहरूले त गैरसरकारी संस्थासमेत कब्जा गर्ने गरेका छन् । नैतिक शक्ति र सैद्धान्तिक स्पष्टताविना सरकारविरूद्ध आन्दोलन हुनसक्तैन । यसैले अहिले नागरिक आन्दोलनको साख स्थापित गर्न लोकतान्त्रिक छवि भएकालाई अगाडि सार्ने र आन्दोलनले गति लिएपछि पन्छाउने रणनीति उनीहरूको हुनसक्छ । कांग्रेस आन्दोलनका कार्यक्रम सार्वजनिक गरिरहेकै छ । पक्कै पनि जनता सामेल नहुँदासम्म जनआन्दोलन हुँदैन । तर, राजनीतिक दलका भरपर्दा नेता मियोका रूपमा नठडिंदासम्म पनि आन्दोलनले गति पाउँदैन । नागरिक अगुवाहरूले आफ्ना सीमा र सामर्थ्यमा भ्रम राख्नु हुन्न ।

**र, अन्त्यमा**

फेरि 'हाउ डेमोक्रेसिज डाइ' बाटै केही पंक्ति : – 'अधिनायक बन्नसक्ने व्यक्ति सत्तामा पुगेपछि लोकतन्त्रले अर्को गम्भीर संकट आइपर्छ स् अधिनायकवादी शासकले कि लोकतान्त्रिक संस्थाहरूको सामना गर्नुपर्नेछ कि तिनलाई आफ्नो अधिनमा ल्याउनेछ ? निर्वाचित अधिनायकलाई तह लगाउन संस्थाहरूमात्रै पर्याप्त हुँदैनन् । राजनीतिक दलहरु, संगठित नागरिकहरु सबैले लोकतान्त्रिक विधिद्वारा संविधानको प्रतिरक्षा गर्नुपर्छ । सुदृढ विधि र प्रक्रियाविना संवैधानिक नियन्त्रण र सन्तुलनले लोकतन्त्रको प्रतिरक्षा कबचका रूपमा काम गर्दैन । संस्थाहरु सत्ताधारीको विरोधी तहलगाउने राजनीतिक हतियारका रूपमा प्रयोग हुन्छन् । अदालत र अरु स्वतन्त्र निकायमा आफ्ना मतियार भर्ती गरेर वा त्यसलाई 'अश्त्र' बनाएर र सञ्चार माध्यम तथा निजी क्षेत्रलाई किनेर वा धम्क्याएर चुप लाग्न वाध्य बनाएर अनि विपक्षीका विरूद्ध खेलको नियम नै आफ्नो पक्षमा हुनेगरी परिवर्तन गरेर निर्वाचित अधिनायकहरूले लोकतन्त्रलाई नै वशमा पार्छन् । निर्वाचनको बाटोबाट अधिनाकवाद स्थापना हुने मार्गको सबैभन्दा त्रासद विडम्बना के हो भने लोकतन्त्रका हत्याराले लोकतन्त्रका आधारस्तम्भहरूकै प्रयोग गरेर यसलाई बिस्तारै, नदेखिने गरी र अझ वैधानिक उपाय नै अपनाएरै सिध्याइदिनछन् ।'

केपी ओलीमा यी सबै लक्षण देखिएको त छ । मास्न सक्लान् त नेपालको लोकतन्त्र ? *साभार : बाह्रखरीबाट*


भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

–: जनहितका लागि :–

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक लहानपोस्ट् LAHANPOST DAILY



## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

औरही गाउँपालिका कार्यालय, सिरहा

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

नरहा गाउँपालिका कार्यालय, सिरहा







लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)